# संक्षिप्त

# कुर्बानी र अकीकःको फजाइल व मसाइल

[ नेपाली - Nepali - نيبالي ]

मोहम्मद इदरीस सलफी

संशोधकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

2013 - 1434

IslamHouse.com

# مختصر
# فضائل الأضحية والعقيقة ومسائلها
« باللغة النيبالية »

محمد إدريس سلفي

مراجعة: عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434
IslamHouse.com

संक्षिप्त

# कुर्बानी र अकीकःको

## फजाइल व मसाइल

**Kurbani and Aqeeqah**

**Phazail & Masail**

लेखकः

मोहम्मद इदरीस “सलफी”

सदस्यः

मरकजी जमीयत अहले हदीस काठमाण्डौ नेपाल

प्रकाशक :

मुहतरम मोहम्मद अली साहब

बुटवल नगरपालिका वार्ड नं.१४ नयाँ गाउँ कलुवा ढाबा, जिल्ला रुपन्देही

पहिलो प्रकाशन : वि.सं. २०६९/३/६
प्रकाशित प्रति : १०००।- एक हजार
सर्वाधिकार : लेखकमा सुरक्षित छ।
किताब टाइपिङ्ग : मौलाना अतीकुर्रहमान खाँ मक्की
डिजाइनर : सुश्री मञ्जु थारु (आई.बी.एम.प्रेस)

पुस्तक पाइने ठेगाना :

● मोहम्मद इदरीस सलफी
अध्यक्ष
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
कपिलवस्तु नगरपालिका वार्ड नं.९ महुवा
सम्पर्क नं. ९७२७६४९२३८, ९८१४४९९१४०
***E-Mail : mohammadidrees787@yahoo.com***

● जामिया मतलउल उलूम अल सल्फिया
डुमरा कपिलवस्तु, नेपाल

मुद्रकः आई. बी.एम. आफसेट प्रेस तौलिहवा गौढी चौक
फोन. ०७६-५६०७४७,९७४७०१३५४६,कपिलवस्तु

# मन्तब्य

बिस्मिल्ला हिर्रहमानिर्रहीम ।

कुर्बानी र अकीकः इस्लाममा सुन्नत छन् र यस माथि अमल गर्नाले यसको माध्यमबाट पुण्य र बरकत प्राप्त हुन्छ । तर अफ्सोचको कुरा यो छ कि यी सुन्नतहरूको नाममा हाम्रा केही मुस्लिम भाइहरूमा केही अनुचित कार्यहरू पाइन्छ । यहाँ सम्म कि ती मध्ये एक समूहले अकीकः लाई बिदअत ठहराउँछ, र केही मुस्लिम भाई त यस माथि अमल गर्छन अर्थात अकीकः गर्छन् तर गलत रीतिरिवाजलाई यसमा सामेल गरेका छन् । जसले गर्दा यसको रूप बिग्री सकेको छ । यस्तै प्रकार कुर्बानीमा पनि केही विकृति देखिन्छ ।

तसर्थ यस कुराको धेरै खाँचो थियो कि अकीकः र कुर्बानीको महत्व माथि प्रकाश पारियोस् । त्यसको मसाइल मात्र कुर्आन र हदीसको प्रकाशमा मुस्लिम समुदायको सामुन्ने पेश गरियोस् । जसले गर्दा उक्त समुदायले तिनको महत्व बुझ्न सकुन् र विकृति एवं गलत रीतिरिवाजलाई त्यागेर सही इस्लामी तालीमको प्रकाशमा ती सुन्नतहरूलाई सम्पन्न गरून् । महत्वपूर्ण चर्चाको कुरा यो छ कि उर्दू र अर्बी भाषामा यी विषयबस्तुमा धेरै किताबहरू लेखी सकिएको छ तर देशको राष्ट्रिय भाषा अर्थात नेपाली भाषामा यस विषयबस्तुमा कुनै ठोस व प्रमाणिक किताब आज सम्म प्रकाशित भएर सार्वजानिक भएको छैन । जसले गर्दा यसको अत्याधिक खाँचो महसूस भई रहेको थियो । धन्यवादका पात्र हुनुहुन्छ "मुहतरम मोहम्मद इदरीस सलफी साहब" कि उहाँले यस आवश्यकतालाई महसूस गर्दै नेपाली भाषामा एउटा पुस्तिका मात्र कुर्आन व हदीसको प्रकाशमा लेख्नु भएको छ । जसलाई म हेर्ने सुअवसर पाएँ । जो नीपाली भाषी मुस्लिम भाइहरूको लागि एउटा अमूल्य शैक्षिक सामाग्री जुटाई दिनु भएको छ ।

दोआ छ कि अल्लाह तआला यस पुस्तिकाबाट उम्मतलाई लाभ पुऱ्याउन र लेखकलाई लोक र परलोकको पुण्य प्रदान गरून् । (आमीन)

प्रार्थी

अब्दुर्रहीम अब्दुस्सत्तार "मदनी"

एम. ए. मक्कः मुकर्रमः

**महा सचिव**

जामिया मतलउल उलूम अल सलफिया, डुमरा,

कपिलवस्तु (नेपाल)

## दुई शब्द

बिस्मिल्ला हिर्रहमानिर्रहीम ।

नह्मदोहू व नोसल्ली अला रसूलेहिल करीम । अम्माबादः- हरेक किसिमको प्रशंसा, पूजा, स्तुती, प्रार्थना आदि सर्व शक्तिमान त्यस अल्लाहको लागि छ । जसको कुनै साक्षी र सहारा छैन् । जो एक्लै सारा संसार को सृष्टिकर्ता एवं पालनहार सर्वश्रेष्ठ छ र दरूद व सलाम अवतरित होस उसको अन्तिम सन्देष्टा हजरत मोहम्मद सल्लल्लाहो अलैहे वसल्लम माथि जसले अनेक किसिमका दुःख कष्ट सहेर पनि अपार माया र स्नेहका साथ हामीलाई पथ भ्रष्टताबाट जोगाएर सत्यर्मागमा लगाउनु भयो ।

प्रस्तुत पुस्तिका कुर्बानीको महत्व र वैधानिकता तथा अकीकःको महत्व र वैधानिकता कुर्आन व हदीसको प्रकाशमा आधारित छ । यसमा मुख्य विषयवस्तु माथि संक्षिप्त र सरल रूपमा प्रकाश पार्ने प्रयास गरेको छु । जसले गर्दा पाठक वर्गलाई कुनै अप्ठ्यारो न भई सजिलै बुझ्ने सहयोग मिलोस् । अकीकः मुस्लिम समुदायको इस्लामी संस्कारको पहिलो आधार हो ।

इस्लाम एउटा धर्म मात्र न भएर जीवन ब्यतीत गर्ने विधि व विधानको पनि नाम हो । इस्लाम जन्म देखि मृत्यु सम्म जीवन निर्वाह गर्ने पद्धतिको पनि नाम हो । इस्लाम जन्मै देखी दर्शाएको बाटोमा हिडन् आदेश दिन्छ । तर हाम्रा समुदायका कतिपय इस्लाम धर्मावलम्बी दाजु भाइ तथा दिदि बहिनीहरू अज्ञानताको कारण आफ्नो बच्चाको नैसर्गिक अधिकार र हक अदा गर्नु र आफ्नो कर्तव्य समेतबाट बञ्चित हुनु परेको छ र यसको विपरित गैर इस्लामी रीतिरिवाज एवं कुरीतिहरूमा बढी चाँसो राख्ने देखिन्छ । तसर्थ उल्लेखित कुराहरूलाई ध्यानमा राखी त्यस्ता कुरीति प्रथा को अन्त र इस्लामी संस्कारको स्थापना होस् भनी पवित्र उद्देश्य लिई यो किताब लेख्ने प्रयास गरेको छु ।

इस्लाममा प्रमुख दुईवटा चाँडपर्वहरू छन् । ईदुल फित्र र ईदुल अज्हा । एक महिना रमजानको रोजा (ब्रत) बसे पछि ईदुल फित्रको चाँड मनाइन्छ भने ईदुल अज्हा कुर्बानी गरी मनाइन्छ । अकीकः जस्तै कुर्बानीको पनि धेरै शर्त बन्देजहरू छन् । जुन सर्व साधाराण हाम्रा मुस्लिम भाइहरूलाई थाहा छैन । जसले गर्दा सही इस्लामी सिद्धान्त अनुसार कुर्बानी गर्न, जनावर किन्न र उपभोग गर्न आदि अप्ठ्यारो हुन्छ ।

तसर्थ ती अप्ठ्यारा र समस्याहरूबाट अवगत गराउनलाई कुर्बानीको महत्व र वैधानीकता शीर्षकमा, जस्तो कि माथि भनिएको छ, यो पुस्तकमा उल्लेख गर्ने प्रयास गरेको छु । आशा छ कि यसबाट हाम्रो समाजलाई लाभ हुनेछ ।

अल्लाह हामी  सबैलाई इस्लाम बमोजिम जीवन ब्यतीत गर्ने शक्ति प्रदान गरून् । (आमीन)

**लेखक**
**मोहम्मद इदरीस सलफी**
**कपिलवस्तु नगरपालिका वां.नं.-९ महुवा**
**सदस्य**
**मरकजी जमीयत अहले हदीस, काठमण्डु (नेपाल)**

## कुर्बानीको फजाइल व मसाइल

### जिलहिज्जाको चाँदः-

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ । कि जब तिमी जिलहिज्जाको चाँद हेरौं र तिमी मध्ये कोही कुर्बानी गर्ने इच्छा राख्छ भने ऊ आफ्नो कपाल, नङ, कुर्बानी जब्ह (काट्नु) न गरून्जेल सम्म न काटोस् (सहीह मुस्लिम) यस्तै प्रकार जुन व्यक्तिलाई कुर्बानीको क्षमता छैन भने त्यस्तो व्यक्तिको लागि कपाल, नङ काट्नु मनाही छैन तर यदि उसले पनि यी दिनहरूमा कपाल नङ न कटोस् र ईदुल अज्हाको नमाज पछि आफ्नो कपाल, नङ, काटोस् भने त उसलाई पनि कुर्बानीको पुण्य प्राप्त हुन्छ । (अबुदाऊद २७८९)

### अश्रा जिलहिज्जाको महत्व (जिलहिज्जाको १० दिनको महत्व)

रसूले अकरम सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि कुनै पनि इबादत (पूजा) यी दश दिनहरूको इबादत भन्दा महत्वपूर्ण छैन । मानिसहरूले सोधे कि अल्लाहको बाटोमा जिहाद पनि होइन ?, त भन्नु भयो यो पनि होइन तर जुन ब्यक्ति आफ्नो जान र माल लिएर निस्कियो र फेरि केहि साथ लिएर फर्केन् । (बोखरी शरीफ)

### कुर्बानीको महत्व

कुर्आन व हदीसमा कुर्बानीको धेरै महत्व र प्रशंसाको बयान गारिएको छ । अल्लाहको फरमान (आदेश) छ कि " आफ्नो रबको लागि नमाज पढ र कुर्बानी गर" (अल कौसर २) । कुर्बानी इब्राहीम अलैहिस्सलाम र मोहम्मद सल्लल्लाहो अलैहे वसल्लम दुबैको सुन्नत हो र हाम्रा प्यारा रसूल सल्लल्लाहो अलैहे वसल्लम मदीनाको दश वर्षे जीवनमा निरन्तर कुर्बानी गरिरहनु भयो । (तिर्मिजी)

## कुर्बानीको आदेश

प्रत्येक मुस्लिम परिवार माथि जो जनावर जब्ह गर्ने क्षमता राख्छ कुर्बानी गर्नु सुन्नते मवक्कदः (सुन्नते मवक्कद भनेको रसूलुल्लाह सल्लल्लाहो अलैहे वासल्लमले निरन्तर रूपमा गर्ने क्रियालाई सुन्नते मवक्कदः भनिन्छ) हो । अल्लाहको आदेश छ "आफ्नो रबको लागि नमाज पढ र कुर्बानी गर" (अल कौसर २) र रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जो कुर्बानी गर्ने क्षमता राख्दछ र कुर्बानी गर्दैन भने ऊ हाम्रो ईदगाहको नजिक पनि न आओस् । (इब्ने माजा)

## कुर्बानीको जनावरको उमेर

भेडाको कुर्बानी "जजअ" भन्दा कम उमेरको हुन सक्दैन । "जजअ" भेडाको त्यो बच्चा हो  जुन एक वर्षको होस् । भेडा बाहेक बाख्रा ऊँट, गाईमा मुसिन्नः अर्थात दाँता हुनु अनिवार्य छ । रसूले अकरम सल्लल्लहो अलैहे वसल्लमको  आदेश छ "मोसिन्नः" नै जब्ह गर । हँ तिमी माथि तंगी (गरीबी) छ भने त भेडाको "जजअ"जब्ह गर्न सक्छौ । (सहीह मुस्लिम)

## कुर्बानी को जनावरमा कुनै प्रकारको दोष (खोट) हुनुहुँदैन ।

कानो, लङडो सीङ भाँचिएको कान कटेको, बिरामी  परेको र धेरै दुब्लो जसमा बोसो (चर्बी) र हाडको गुदी समेत खत्म भएको जनावर कुर्बानीको लागि जायज छैन । रसूले अकरम सल्लल्लाहो अलैहे वसल्लमको आदेश छः- "चार किसिमको जनावर कुर्बानीमा जायज छैन" पूर्णरूपले आखाँको कानो भएको, पूर्णरूपमा बिरामी भएको, लङडो जसको लङडोपन जाहेर होस् र दुब्लो (कमजोर) जसमा चर्बी नहोस् । (सहीह मुस्लिम, तिर्मिजी)

## कुर्बानी कब गर्नु पर्छ ?

कुर्बानी ईदुल अज्हाको नमाज पछि गर्नु पर्छ । रसूले अकरम

सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जसले नमाजे ईदुल अज्हा भन्दा पहिला कुर्बानी जब्ह गर्‍यो । उसले आफ्नो लागि जब्ह गरेको छ र जसले नमाजे ईदुल अज्हा पछि जब्ह गर्छ, उसको इबादत पूरा भयो र उसले मुसलमानहरूको तरीका ग्रहण गर्‍यो । (सहीह बोखारी)

## कुर्बानी कति दिन सम्म गर्न सकिन्छ ?

ईदुल अज्हाको दिन र त्यस पछिको तीन दिन अर्थात तेरह जिलहिज्जाको साँझ सम्म कुर्बानी गर्न सकिन्छ । किन भने ईदुल अज्हा पछि ११,१२,१३, जिलहिज्जाको दिनहरूलाई अइयामे तश्रीक भन्दछन । ( तफ्सीर अहसनुल बयान पेज नं ८२ नैलुल अवतार भाग ३ पेज ४९०) र तमाम अइयामे तशरीकलाई जब्हको दिन कायम गरिएको छ । (अहमद भाग ४ पेज ८२, सहीह इब्ने हिब्बान ३८४२ सही अल जामे अस्सगीर ४५३६)

## आफ्नो कुर्बानी आफु स्वयम गरौं :

उत्तम त यो नै छ कि आफ्नो कुर्बानी स्वयम् गरौ । यदि स्वयम् जब्ह गर्न सकिन्न भने अरूहरूबाट जब्ह गराएमा कुनै दोष छैन । तर उसलाई चाहियो कि जब्हको बखत आफ्नो कुर्बानीको छेउमा उपस्थित रहोस् । (तरगीब व तरहीब)

## कसाई (बूचर) को ज्याला :

जब्ह गर्ने कसाईलाई ज्याला बापत कुर्बानीको गोश्त (मासु) छाला आदिबाट केही पनि दिनु जायज छैन । त्यसको ज्याला छुट्टै दिनु पर्छ । ( सहीह बोखारी)

## कुर्बानीको मासु वितरण गर्ने तरिका :

कुर्बानीको मासुको बारेमा कुर्आन व हदीसमा कुनै खास शर्त छैन । कुर्बानी गर्ने व्यक्ति स्वयम् खाओस् र गरीब गुरूबा दुःखी दरिद्रमा पनि

वितरण गरोस् र इष्ट मित्रलाई पनि दिइयोस् र त्यस पछि अदि बचेको छ भने  राख्न सक्छ तर गरीब, दु:खी, दरिद्र माथि अवश्य ध्यान दिइयोस् (बोखारी, मुस्लिम)

## इखलासे नीयत (शुद्ध नियत)

इस्लामको हरेक कार्यमा नीयत शर्त छ । अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेश छ कि "कर्महरूको दारोमदार ( निर्भरता) नीयत माथि छ" । (बोखारी भाग १) कुर्बानीको मासु र खून अल्लाहलाई पुग्दैन तर तिम्रो तक्वा (अल्लाह प्रतिको प्रेम र भय) उसलाई पुग्छ । (सुरःहज)

## अर्फाको रोजाः

अर्फा अर्थात नौ जिलहिज्जाको रोजाको बारेमा रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि यस रोजालाई राख्नु बडो पुण्य  छ, दुई बर्षको पाप माफ हुन्छ । एक वर्ष बितेको र एक आउने वाला वर्ष (सहीह मुस्लिम ) तर अर्फातमा हाजीहरूलाई यो रोजा राख्नु मनाही छ । (अबुदाउद)

## कुर्बानी गर्ने तरीका र दोआ (मन्त्र)

जब्ह गर्नु भन्दा पहिला कुर्बानीका जनावरलाई बायाँ पहलु माथि किब्ला (काबा) को तर्फ चेहरा (अनुहार) गरेर पल्टाउने र खुब तेजिलो छुरा आफ्नो दायाँ हातले समातेर निम्न दोआ पढेर जब्ह गर्ने ।

**दोआः** "इन्नी वज्जहतो वजहिया लिल्लजी फतरस्समावाते वल अर्जा हनीफौ वमा अना मिनल मुश्रेकीन, इन्न सलाती व नोसोकी व मह याया व ममाति लिल्लाहे रब्बिल आलमीन । ला शरीका लहु व बेजालिका ओमिरतो व अना मिनल  मुस्लेमीन । अल्ला हुम्मा इन्ना हाजा मिनका व लका, अल्लाहुम्मा तकब्बल "मिन्नी" बिस्मिल्लाहे अल्लाहो  अकबर "(अबुदाऊद मुस्लिम) यदि अरू कसैको नाममा कुर्बानी जब्ह गर्नु छ भने "मिन्नी" को

ठाउँमा "मिन" भनेर त्यसको नाम लेऊ र दोआ पूरा गरेर जब्ह गर्नुस् ।
नोटः-इस्लाममा जति जनावर र चराहरूको मासु खानु जायज छ ती सबैलाई जब्ह गर्ने तरीका कुर्बानी जस्तै हो । तर कुर्बानी बाहेक अरू जनावर जब्ह गर्दा उक्त दोआ पढनु पर्दैन मात्र "बिस्मिल्लाहे अल्लाहो अक्बर" भन्नु पर्दछ ।

## अइयामे तश्रीक व ईदैनको तकबीर

अल्लाहो अकबर अल्लाहो अकबर, लाइलाहा इल्लल्लाहो वल्लाहो अकबर अल्लाहो अकबर, व लिल्लाहिल हम्द "(इब्नो अबीशैबा) यो तकबीर दुबै ईद र अइयामे तश्रीकका दिनहरूमा पढनु सुन्नत हो ।
यो कुर्बानीको संक्षिप्त फाजाइल व मसाइल हो ।

**वस्सलामो अलैकुम व रहमतुल्लाहे व बरकातोहू ।**

**मोहम्मद इदरीस सलफी**

# संक्षिप्त
# अकीक:को
## फजाइल व मसाइल

लेखक
मोहम्मद इदरीस सलफी
कपिलवस्तु नगरपालिका वां.नं.-९ महुवा
सदस्य
मरकजी जमीयत अहले हदीस, काठमण्डु (नेपाल)

## अकीक:को फजाइल व मसाइल
### बिस्मिल्ला हिर्रहमानिर्रहीम

अकीकाको शाब्दिक र परिभाषित भावार्थ :-

अक अथवा अकीक:को शाब्दिक अर्थ कतअ (काट्नु) हो । इस्लाम धर्मको दृष्टिकोण अनुसार अकीकः भन्ने शब्दको अर्थ यो हो कि हरेक नवजात शिशु जन्मेको सातौं दिन बाखा काट्नु हो ।

### अकीकः र यसको अदेश :-

इमाम बोखारीले आफ्नो किताब (जुनकी पवित्र कुर्आन पछि सब भन्दा उच्च र प्रमाणिक किताब हो) मा किताबुल अकीक : शीर्षकमा एउटा निश्चित अध्याय कायम गर्नु भएको छ, र यसमा अकीकः सित सम्बन्धित हदीसहरू जम्मा गर्नु भएको छ । यस्तै प्रकार अरू हदीसका ज्ञाताहरू ( अल्लाह उहाँहरू माथि दया गरून्) ले पनि आ–आफ्नो लेखमा अकीक : सम्बन्धि अनिवार्य रूपले अध्याय कायम गर्नु भएको छ र हदीसहरू जम्मा गर्नु भएको छ ।

### अकीकः बैध हुनुको धार्मिक प्रमाण :-

क) हजरत समरा बिन जुनदुब रजिअल्लाहो अन्होबाट वर्णित छ कि रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि हरेक नवजात शिशु आफ्नो अकीकः संग गिरवी (धितो) वा बाँधिएको छ । ऊ जन्मेको सातौं दिन उसको तर्फबाट बध (जब्ह) गरिने छ, उसको टाउको खैरिनेछ र नामाकरण गरिनेछ (सहीह अबुदाऊद व तिर्मिजी) ।

ख) हजरत सलमान बिन आमिर रजिअल्लाहो अन्होले बयान गर्नुहुन्छ कि म रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमसित सुनेको छु कि शिशुको साथ अकीकः अनिवार्य छ । तसर्थ तिमी उसको तर्फबाट खून बगाऊ अर्थात कुर्बानी गर र उसलाई दुःखबाट मुक्त गर अर्थात उसको कपाल खौराउनुस् (बोखारी किताबुल अकीकः भाग २ पेज नं. ८२२ मा छ)

## कसको लागि कति जनावर (संख्यामा) :-

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि छोराको लागि दुईटा बाख्रा र छोरीको लागि एउटा बाख्रा काट्नु पर्छ । पाठा होस् अथवा पाठी तिमीलाई कुनै हानि हुने छैन् (अबुदाऊद हदीस नं. २५२५ इरवाउल गलील भाग ४ पेज नं. ३९० मा छ) यो हदीस सही छ । अर्थात यो जरूरी छैन कि केटाको लागि दुई जनावर पाठो हुनु पर्छ र केटीको लागि पाठी हुनु पर्छ, अथवा दुई जनावर भन्नाले दुई वटै पाठो हुनु वा दुई वटै पाठी नै हुनु पर्छ भन्ने कुराको बन्देज वा शर्त छैन् । पाठा वा पाठी जो जसको लागि भए पनि पुग्छ ।

## अकीकःको उत्तम समय :-

नव जात शिशु जन्मेको सातौ दिन अकीकः गर्नु उत्तम र सुन्नत बमोजिम (नियम संगत) छ । जस्तो कि समरह बिन जुनदुब रजिअल्लाहो अन्होको हदीसमा उल्लेख छ र रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमको फेअ्ल (क्रिया) बाट प्रमाणित छ । (अबुदाऊद व नसई व इब्ने माजा )

उक्त हदीसको प्रकाशमा अकीकःको जबीहा (बध) को लागि शिशु जन्मेको सातौ दिन नि : सन्देह उत्तम छ । तर एउटा हदीसबाट साबित छ कि यदि जन्मेको सातौ दिन अकीकः गर्न सकिएन भने चौदहौं दिन गर्न सकिन्छ र यदि चौदहौ दिन पनि गर्न सकिएन भने त एक्कइसौ दिन गर्नु पर्छ । (सही अल जामेउस् सगीर हदीस नं. ४०११ मा छ) ।

यदि एक्कइसौ दिन पनि कुनै मजबूरीले गर्न सकेन भने जहिले पनि अल्लाह तअला आर्थिक क्षमता प्रदान गरोस् त अलि कति पनि ढीला सुस्ती नगरी अकीकः गरी हालोस् । यस्तो अवस्थामा अकीकः को प्रक्रिया त पूरा भइहाल्छ तर सातौ दिन अकीकः गर्नुमा जुन उत्तमता र पुण्य छ त्यो प्राप्त हुन सक्दैन । यदि आमा बुवाले आफ्नो बच्चाको अकीकः गर्न सकेनन् भने बच्चा युवा भएर आफ्नो अकीकः स्वयं गरोस् । (फेकहुल हदीस भाग २ पेज ४९४, ४९५ मा छ) ।

नोटः चौदहौ र एक्कइसौ दिनको बारेमा जुन हदीस सहीह अलजामेउस् सगीरमा छ र जस माथि सहीहको हुकुम लगाइएको छ, त्यही हदीसलाई नै

शैख अल्बानी ज्यूले इरवाउल् गलीलमा जईफ भन्नु भएछ र त्यसको दुईवटा कारण पनि उल्लेख गर्नु भएछ  (इरवाउल् गलील हदीस नं. ११७०) तर शैख अल्बानी र अरू धर्मगुरूहरूको उक्ति यो नै छ कि सातौ दिन बाहेक पनि अकीकः वैधानिक छ तर सातौ दिन जस्तो पुण्य मिल्दैन । यस कुराबारे अधिक ज्ञानको लागि (शरह नेसाई)लाई अवश्य हेर्नुहोस् ।

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि हरेक बच्चा आफ्नो अकीकः मा गिरवी (धितो) छ । उसको तर्फबाट जनावर काट्नु पर्छ र त्यस बच्चाको टाउको खैरिनु पर्छ र नामाकरण गर्नु पर्छ । ( सही अबुदाऊद, तिर्मिजी, नसई आदि... यी हदीस सही छन्) र एउटा अर्को हदीसमा छ कि बच्चाको टाउकोको खैरिएको कपाललाई चाँदी बराबर तौलेर त्यस चाँदीलाई दान गरिदिनु पनि सुन्तत (नियम संगत) छ । ( तिर्मिजी यो हदीस हसन छ )

## शिशुको कानमा अजान :-

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छ कि नवजात शिशुको दाँया कानमा अजान भन्नु जायज छ र बायाँ कानमा अकामत भन्नु जायज छैन । तसर्थ जन्मेको शिशुको दाँया कानमा अजान भन्ने गरौं र अकामत न भनौ । (यो हदीस फेकहुल हदीस भाग १ पेज नं. ३४२ मसल नं. १६० मा छ)

## शिशुलाई तहनीक गराउनु :

शिशु जन्मेको दिन नै कुनै धर्मात्मा (नेक) महिला वा पुरूष मध्ये कसैबाट पनि खजूर चपाएर बच्चाको मुखमा राखियोस् । यो क्रियालाई "तहनीक" भन्दछन् । खजूर उपलब्ध न भएको खण्डमा कुनै गुलियो बस्तु भए पनि चपाएर राखिदिनु पर्छ । जस्तो कि अबू मूसा अशअरीले भन्नु हुन्छ कि म कहाँ एउटा शिशुको जन्म भयो त म उसलाई नबी सल्लल्लाहो अलैहे वसल्लम कहाँ लिएर आएँ, त तपाई सल्लल्लाहो अलैहे वसल्लमले उसको नाम इब्राहीम राख्नु भयो र एउटा खजूर चपाएर उसको मुखमा राखेर उसको तहनीक गर्नु भयो, र बरकतको दुआ गर्नु भयो । (बोखारी किताबुल

अकीकः भाग २ पेज ८२१ मा छ )

## अकीकःको दिन शिशुको नामाकरण गर्नु :-

हजरत समरा बिन जुनदुब रजिअल्लाहो अन्होबाट वर्णित छ कि रसूलुल्लाहो सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि हरेक शिशु आफ्नो हकिकः संग धितो वा बाधिएको छ । ऊ जन्मेको सातौ दिन उसको तर्फबाट बध (जब्ह) गरिने छ , उसको टाउको खौरिने छ र नामाकरण गरिने छ । (सही अबुदाऊद व तिर्मिजी)

## नामाकरण गर्दा ध्यान दिनु पर्ने कुराहरू :-

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः–"आफ्नो सन्तानको नाम राम्रो राख्ने गरौं " (मिश्कात पे.४०९) र भन्नु भयो पैग्म्बरहरूको नाम मध्ये कुनै नाम राखौं र सब भन्दा राम्रो नाम अब्दुल्लाह र अब्दुर्रहमान हुन् । (मिश्कात पे. ४०९)

उक्त हदीसको प्रकाशमा हामी आफ्नो सन्तानको नाम राख्दा खेरी पवित्र कुर्आन र पवित्र हदीसको अधीनमा रही नामाकरण गर्नु पर्छ । नामाकरण गर्दा खेरी निम्न कुराहरू माथि ध्यान दिनु अनिवार्य छ ।

क) शिर्किया नाम (अल्लाहको साथमा कसैलाई कुनै किसिमको साझी र सहरा राख्ने धारणालाई शिर्क भनिन्छ ।) राख्नु **हुदैन**, **जस्तै** :- मदार बख्श, अली बख्श, नूर बख्श, नबी बख्श, पीर बख्श, दरगाही र बहराइची आदि ।

ख) हेकारतको नाम (अपमान बोध हुने खालको नाम ) : राख्नु हुँदैन् । **जस्तै**:- घुरहू, बुद्धू, मङ्रे, सोमन, तौलन, टिर्रू, भल्लु, मिट्टु, खट्टु, भोथे, काले, गोरे आदि ।

ग) तकब्बुरको (घमण्ड बोध हुने खालको) नाम राख्नु हूदैन । जस्तै : फखरूल इस्लाम, फखरूद्दीन, जियाउद्दीन, इमामुद्दीन, बहादुर शाह आदि । (स्रोत-खुतबातुत्तौहीद मौलाना हमीदुल्लाह साहब रहिमहुल्लाह)

## अकीकःको जनावर कस्तो हुनु पर्छ :

अकीकःको लागि जनावरको छनौट सम्बन्धमा जुन शर्त बन्देज कुर्बानीको जनावरमा छ । त्यो अकीकःको जनावरमा छैन् कि सींग र कान, आँखा आदिमा खोट न होस् अथवा लंग्डो न होस् उमेरको पनि शर्त छैन । उक्त शर्तहरूको चर्चा अकीकः को जनावरका लागि हदीसहरूको किताबमा छैन् । यदि कसैले उक्त कुराको पालना गर्छ भने कुनै रोक पनि छैन् । ( फेकहुल हदीस पेज नं. ४९३ भाग २ मा छ )

## अकीकःको मासुको प्रयोग सम्बन्धमा :

अकीकः को मासु बाडियोस् वा पकाएर खुवाइयोस् वा त्यस जनावरको हाड न भाँचियोस् वा मासु शिशुको आमा,बुबा,नाना,नानी मामा, माइजु, दादा दादीले नखाउन वा टाउको र खुट्टा कसैलाई दिईयोस् यस्ता भ्रामक कुराहरूको शर्त र चर्चा सही हदीसहरूमा छैन । जो कोहीले खाओस् र जो कोहीलाई दिइयोस् कुनै शर्त बन्देज छैन । कुर्बानी जस्तै छाला मासुको उपभोग गर्नु पर्छ । छाला र मासु बिक्री गर्न पाइदैन । खानु खुवाउनु र दान (सदका) गर्न सकिन्छ ।

## के अकीकः ऊंट र रांगा आदि जनावरको पनि गर्न सकिन्छ ?

अकीकः मात्र, बाख्रा, भेडा र दुम्बाबाट नै गर्न सकिन्छ । ऊँट ,राँगा र गाई आदि जनावरको बारेमा कुनै ठोस् र सही हदीस छैन । बरू केही सही र प्रमाणिक हदीसहरू द्वारा अकीकःमा ऊँट र राँगा काट्नु उचित छैन भनिएको छ । (तहावी खण्ड एक पेज ४५७)

## अकीकःको दोआ र काटने विधि :

अकीकःको जनावर शिशुको नाममा जब्ह गर्नु (काट्नु) उत्तम छ ।

हजरत आएशा सिद्दीकः रजिअल्लाहो अन्हाबाट भनिएको छ :- "बिस्मिल्लाहे अल्लाहुमा लका व इलैका हाजेही अकीकतो फला ..........।" अर्थात शिशुको नाममा जब्ह गर्नु र यो दोआ पढ्नु :-" बिस्मिल्लाहे अल्लाहुम्मा लका व इलैका हाजेही अकीकतो फला .......।" (फलाँको ठाउँमा शिशुको नाम लिने ) यदि जब्ह गर्ने व्यक्ति अकीकःको लागि नीयत मात्र गरेर "बिस्मिल्लाहे अल्लाहो अकबर" पढेर जब्ह गरिहालोस् र शिशुको नाम न भनोस् भने पनि अकीकः भइहाल्छ । (अकीकः व खतनः गाजी उजैर)

## अकीकःको महत्व र उपलब्धी :

अकीकःको महत्व र उपलब्धीहरू धेरै छन् । जस मध्ये केही निम्न बमोजिम उल्लेख छन् ।

क) हजरत इमाम अहमद बिन हम्बल (रहिमहुल्लाह) ले अकीकः को महत्व र उपलब्धीको चर्चा गर्दै भन्नु हुन्छ कि अकीकःको सम्बन्ध शिफारिस सित छ । यदि शिशु बालककालमै बित्यो र उसको अकीकः गर्न सकेको छैन् भने ऊ आफ्नो आमा बुबाको मुक्तिको शिफारिस गर्ने छैन् । (फतहुलबारी शरह सही बोखारी भाग १ पेज ५९४ मकतबः सलफिया)

ख) सही बोखारीको सलमान बिन आमिर जब्बीईको हदीस बमोजिम अकीकः गर्नाले फोहर (कष्ट) हट्छ (सही बोखारी किताबुल अकीकः)

ग) इस्लाममा नवजात शिशुका हकहरू पनि आफ्नो एउटा महत्वपूर्ण स्थान राख्छन् । ती हक मध्ये अकीकः पनि एक हो ।

घ) अकीकः नवजात शिशुको जन्म भएकोमा अल्लाह तअलाको शुक्र ( ऋतज्ञता) अदा गर्नुको आधार पनि हो ।

ङ) अकीकः आमा बुबाको लागि मुक्तिको शिफारिस गर्नु शिशुको जिम्मावारीको नेमुलबदल (राम्रो साटो) हो ।

(स्रोतः अकीकः वा खत्ना गाजी उजैर )

यो संक्षिप्त फजाइल र मसाइल अकीकः को हो ।

अल्लाह तअला हामी सबै इस्लाम धर्मावलम्बीहरूलाई इस्लामको हरेक साना ठूला नियमहरू माथि पवित्र कुर्आन र पवित्र हदीस

बमोजिम आचरण गर्न शक्ति प्रदान गरून्  (आमीन) या रब्बिल आलमीन । वस्सलामो अलैकुम व रहमतुल्लाहे व बरकातोहू ।

मुहताजे दोआ
मोहम्मद इदरीस सलफी

समाप्त